सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा,प्यूठान
लुम्बिनी प्रदेश,नेपाल,
२०७३

प.स. २०८२।०८३
च.न.

## फोहोरमैला व्यवस्थापन सम्बन्धि शिलबन्दी प्रस्ताव आह्वान गरिएको सूचना ।
*(प्रथम पटक प्रकाशन मितिः २०८३।३।२२)*

आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार आर्थिक वर्ष २०८३/८४ मा यस गाउँपालिकाको बड्डाँडाँ बजार क्षेत्र, दर्भान बजार क्षेत्र र बाँगेसाल साना किसान क्षेत्र लगायतका क्षेत्रहरुमा जम्मा गरि राखिएको फोहोरलाई तत् तत् क्षेत्रबाट ट्याक्टरमा उठाई यस गाउँपालिकाको वडा नं. २ स्थित डम्पिंग साइटमा ढुवानी तथा व्यवस्थापन गराउनुपर्ने कार्य गर्न इच्छुक फर्म/कम्पनी वा संस्थाले तपशिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपशिलमा उल्लेखित शर्त बमोजिमको प्रस्ताव फारम खरिद तथा दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं | विवरण | अधिकतम ठेक्का मूल्य (मु.अ.कर समेत) | जमानत रकम रु. | प्रस्ताव फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| SRM/WM-01/083/84 | फोहोरमैला व्यवस्थापन | ५,५०,०००/- | कवोल अंकको ३ प्रतिशत | १०००.० | |

१. इच्छुक प्रस्तावदाताले प्रचलित कानुन बमोजिम दर्ता भएका वा इजाजत प्राप्त फर्म वा संस्थाले फर्म वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी, आ.वा.२०८१।०८२ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि आ.व.२०८२/८३ सम्मको फर्म नविकरण प्रमाणपत्र प्रतिलिपी नेपाली नागरिकताको प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको १५ औ दिनको (मितिः२०८३।४।४) कार्यालय समयसम्म प्रस्ताव फारम खरिद गर्नुपर्ने छ ।

२. यस सूचना प्रकाशन भएको मितिले १६ औ दिन (मिति२०८३।४।५ को १२:०० बजे भित्र यस कार्यालयबाट खरिद गरिएको प्रस्ताव फारम भरी, कार्यालयले प्रमाणित गरेको सक्कल प्रस्ताव फारममा आफुले उक्त कार्य के कति रकममा गर्न सक्ने हो स्पष्ट खुलाई शिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ । कार्यालयमा पेश भएका उक्त प्रस्तावहरु सोहि दिनको २:०० बजे पछि बोलपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोवहरमा खोलिनेछ ।

३. प्रस्ताव फारम खरिद वापतको रकम यस कार्यालयको प्राइम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA 1.1 SARUMARANI ANTARIK RAJASWA KHATA 06801000000038500117 खातामा जम्मा गरेको

त्रिविक्रम ...

(website:www.sarumaranimun.gov.np, Email : sarumarani2073@gmail.com 9857836022/9847827617)

सरुमारानी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा,प्यूठान
लुम्बिनी प्रदेश नेपाल,
२०७३

प.स. २०८२।०८३
च.न.

कारोबार संकेत नं. सहितको सक्कलै भौचर अथवा https://sutrarevenue.fcgo.gov.np (स्थानीय राजश्व पोर्टल) मार्फत अनलाइन भुक्तानी गरेको भौचर प्रस्ताव फारम संग संलग्न गरि पेश गर्नुपर्नेछ ।

४. जमानत रकम कवोल अंकको ३ प्रतिशत यस कार्यालयको प्राइम कमर्शियल बैंक सरुमारानी शाखामा रहेको GA.3 SARUMARANI DHARAUTI KHATA- 06801000000039400101 मा जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको प्रस्ताव दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको विडवोन्ड प्रस्ताव फारमको साथ दाखिला गर्नु पर्नेछ ।

५. ठेक्का सम्बन्धि अन्य शर्त तथा विस्तृत विवरण यस कार्यालयबाट उपलब्ध गराइने प्रस्ताव फारममा उल्लेख गरिएको छ । बोलपत्रदाताले उक्त सबै शर्तहरु पुरा गर्नु पर्नेछ । थप जानकारीको लागि कार्यालयको वेवसाइट https://sarumaranimun.gov.np/ र फोन नं. ९८४७८२०४९१/९८५७८६८०२७ मा सम्पर्क गर्न सकिनेछ ।

२०८२/१२/२२

(त्रिविक्रम खड्का)
प्रमुख प्रशासकीय अधिकृत

त्रिविक्रम खड्का
प्रमुख प्रशासकीय अधिकृत